सुनिलस्मृति गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा २०७३

## नदीजन्य पदार्थ उत्खनन् संकलन र बिक्रीगर्ने कार्यको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/१९

सुनिलस्मृति गाउँपालिका रोल्पा भित्रका खोलाबाट उत्खनन तथा संकलन भई निकासी गर्दा लाग्ने वस्तुमा कर संकलन गर्न आ.व. २०८२/०८३ का लागि देहाय अनुसार ठेक्का वन्दोबस्त गर्नुपर्ने भएकोले गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रीतपूर्कको विद्युतीय सिलबन्दी बोलपत्र आह्वान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np//egp वा यस कार्यालयको website:www.sunilsmritimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

देहायः

| आय ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम | मान्य अवधि | बोलपत्र दाखिला गर्ने मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति र समय | न्युनतम कबोल अंक (मू.अ.क. सहित |
|---|---|---|---|---|---|---|---|
| SSRM-ROL-G-SQ-05-2082-083 | Extraction Collection And Sales of Riverbed Materials | १,००० | कबोल अंकको ५% ले हुन आउने रकम | ७५ दिन | मिति २०८२/०८/०४ (20-11-2025) मध्यान्ह १२ बजे | मिति २०८२/०८/०४ (20-11-2025) मध्यान्ह १३.१५ बजे | रु.१९,९६,५१० (अक्षेरुपी उन्नाइस लाख छयानब्बे हजार पाँच सय दश रूपैया मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइटः sunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## सुनिलस्मृति गाउँपालिकाको Extraction Collection & Sales of Riverbed Materials ठेक्का नं. SSRM-ROL-SQ-05-2082-83 को सिलबन्दी बोलपत्र सम्बन्धी शर्त तथा बन्देजहरु

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाता (फर्म वा कम्पनी) हरुले दर्ता प्रमाणपत्र (आ.व. २०८२/०८३ सम्म नविकरण भएको),मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र वा म्याद थप गरिएको प्रमाणपत्र र व्यक्तिको परिचय खुल्ने कागजात(नेपाली नागरिकताको प्रमाण पत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र) को प्रतिलिपिहरु पेश गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np//egp मार्फत मिति २०८२/०८/०४ गते दिनको दिउँसो १२:०० बजे सम्म बोलपत्र दर्ता गरि सक्नु पर्नेछ, समयभित्र दर्ता भएका बोलपत्रहरु सोहि दिनको दिउँसो १३.१५ बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गाउँपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमश:अन्तिम दिनमा गनिनेछ।

२. शर्त नं. १ मा उल्लेखित कागजातका अतिरिक्त बोलपत्रदाताले बोलपत्र पेश गर्दा बोलपत्र खरिद दस्तुर रु.१०००/- (अक्षरुपि एक हजार रुपैया मात्र) Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस कार्यालयको राजस्व खाता ८२०४०१००००१८ मा जम्मा गरेको सक्कलै बैंक भौचरको स्क्यान कपि (Scanned Copy) पेश गर्नुपर्नेछ।साथै कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बोलपत्रदाताले Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता ८२०४०१००००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचरको स्क्यान कपि (Scanned Copy) पेश गर्नु पर्नेछ साथै धरौटी वापतको रकम बैक जमानत पत्र पेश गर्ने बोलपत्रदाताले राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट बोलपत्र नं. र नाम उल्लेख भई ७५ दिनको म्याद सहित यस कार्यालयको नाममा जारी गरेको विडवण्ड पेश पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा विद्युतीय खरिद प्रणालीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

४. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

५. बोलपत्रदातावाट बोलपत्र फारम भर्दा अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ। केरमेट भएको ठाँउमा सही छाप हुनु पर्ने छ।

६. दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ।

७. एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन।

८. दर्ता भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। शर्त सहितको बोलपत्र स्वीकृत गरिने छैन।

९. योग्य बोलपत्रदाता मध्येबाट सबै भन्दा बढी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ। तोकिएको म्याद भित्र स्वीकृत बोलपत्रदाता संझौता गर्न नआएमा बढि कबोल गर्ने मध्ये दोस्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी संझौता गरिनेछ।

१०. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र संझौतामा उल्लेखित शर्त बमोजिम गर्नु पर्नेछ।

११. ठेक्का अवधि आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्त सम्म रहनेछ। बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र स्वीकृत कबोल अंकको ६० प्रतिशत रकम र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर यस कार्यालयको तोकिएको खातामा अग्रिम जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। बाँकि ४० प्रतिशत रकम र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर रकम २०८३ साल बैशाख मसान्त सम्म दाखिला गरि सक्नुपर्नेछ। सम्झौता गर्न आउदा दरभाउपत्र दाताले बाँकी रकम बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको मिति २०८३ असार मसान्त सम्म म्याद रहेको कार्यसम्पादन जमानत पत्र (Performance Bond) पेश गरेपछि ठेक्का चलन पुर्जी दिईनेछ ।तोकिएको समयमा रकम दाखिला नगरेमा २०८३ साल जेठ महिनाको अन्तीम सम्ममा बैंकको कार्यसम्पादन जमानत पत्र (Performance Bond) जफत गरी असुलउपर गरिनेछ।

१२. बोलपत्रदाता र गाउँपालिकाबीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

१३. यस बोलपत्रमा उल्लेखित विषयमा हकमा यसै सूचना अनुसार र उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. ठेकेदारले नियमानुसार नदिजन्य पदार्थ (स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा आदि) को दर- रु.८/- प्रति क्यु.फिटको दरमा मूल्य अभिबृद्धि कर थप गरी सङ्कलन गर्नेछ । सो बाहेक पनि नेपाल

नरेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.npवेबसाइटःsunilsmritimun.gov.np फोन नः ०८६-[illegible]

सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने छ । ठेक्का रकम बाट कटाउन तथा घटाउन पाईने छैन ।

१५. बन्द हडताल, चक्का जाम, लगायत अन्य मानव सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारण छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन । साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन ।

१६. शुल्क उठाउन ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रति वाला, रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्ने छ ।

१७. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षीत हुनेछ । दरभाउपत्र पेश गर्दा दरभाउपत्र दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१८. चलन पुर्जीमा उल्लेख भएका माल, वस्तु र दररेटको प्रतिकुल हुने गरी संकलन उत्खनन गर्न पाईने छैन ।

१९. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुने छ । नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सो को क्षतिपुर्तिको दायित्व ठेकेदारले गाउँपालिका संग दावी गर्न पाउने छैन ।

२०. ढुंगा, गिट्टी, बालुवाको सन्दर्भमा प्रदेश अनुगमन समिति एवं जिल्ला स्तरीय अनुगमन तथा गाउँपालिकाको कार्यालय, सुलिचौर, रोल्पा बाट निर्देशन भए बमोजिम हुनेछ ।

२१. नेपाल सरकार बाट बन्देज लगाएको अवधिमा खोला बाट नदिजन्य पदार्थ निकाल्न पाईने छैन । निकालेमा कानुन बमोजिम कारवाही हुनेछ । साथै सडक पुलको तलमाथि ५०० मिटर, वन क्षेत्र, वस्ती क्षेत्र तथा कानुनले निषेध गरेको क्षेत्रवाट उत्खनन् गर्न पाइनेछैन । यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत


ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेवसाइटःsunilsmritimun.gov.np फोन नं: ०८६४०११५२,७०

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

२२. IEE Report ले उल्लेख गरेको क्षेत्र (लम्बाई/चौडाई र उचाई) लाई अनिवार्य रुपमा पालना गर्नुपर्नेछ तोकिएको परिमाण र IEE Report प्रतिकुल भएमा कानुन बमोजिम कारवाही गरिने छ । पालना गर्नुपर्ने कुरा IEE Report मा उल्लेख छ । IEE Report यस कार्यालयको website: www.sunilsmritimun.gov.np मार्फत हेर्नुहुन समेत सूचित गरिन्छ ।

२३. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

नरेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

.ठेक्काको विवरण र कबोल

| सुनिलस्मृति गाउँपालिका भित्रबाट संकलन हुने नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा, रोडाको संकलन तथा बिक्रि दरभाउपत्र फारम । | |
|---|---|
| १. दरभाउपत्र पेश गरेको कार्यालय | सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सुलिचौर, रोल्पा । |
| २. कामको विवरणः<br>नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, प्रचलित संघीय ऐन, लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०८१, सुनिलस्मृति गाउँपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम गाउँपालिका क्षेत्र भित्रबाट निकासी हुने नदिजन्य पदार्थ, ढुंगा, गिट्टी, बालुवा, रोडामा संकलन तथा बिक्रि शुल्क उठाउने कार्य । | |
| ३. कबोल अंक आय ठेक्का नं. SSRM-ROL-SQ-05-2082-83 | |

| कबोल रकम VAT बाहेक | | बोलपत्र जमानत रकम | | कैफियत |
|---|---|---|---|---|
| अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| | | | | |
| न्युनतम ठेक्का अंक VAT सहित रु. १९,९६,५१०/- (अक्षरुपी उन्नाइस लाख छयानव्बे हजार पाँच सय दश रुपैया मात्र ।) | | | | |

प्रमुख प्रशासकीय अधिकृत

# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

४. सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सुलिचौर, रोल्पाबाट माथि उल्लेखित आय ठेक्का नं. SSRM-ROL-SQ-05-2082-83 नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीको लागि प्रकाशित ठेक्का बन्दोबस्ती सूचनाको शर्त तथा बन्देजकोअधिनमा रही उपरोक्त अनुसारको रकम कबोल गरी यो दरभाउपत्र फारम पेश गरेको छु ।

दरभाउपत्र पेश गर्ने फर्म वा कम्पनीको

| | | |
|---|---|---|
| फर्मको नाम: | | |
| फर्मको ठेगाना: | | |
| दस्तखत: | | फर्मको छाप |
| प्रोप्राइटर: | | सम्पर्क टेलिफोन नं. |
| मिति: | | |

५. दरभाउपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. फर्म दर्ता वा नविकरण प्रमाण पत्र ।
२. कर दर्ता प्रमाण पत्र ।
३. कर चुक्ता प्रमाण पत्र ।
४. कारवाही वा कालो सुचिमा नपरेको स्वघोषणा ।
५. अख्तियारनामा (Authority) भएको ।
६. बोलपत्र सुरक्षण बापतको रकम जम्मा गरेको रकम बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको Bid Bond
७. अन्य केही कुरा भए खुलाउने ।

दरभाउपत्र आव्हान गर्ने कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत र छाप ।

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

उत्खनन गरीने घाट र परिमाणको विस्तृत विवरण :

| क.स. | संकलन/उत्खनन् स्थल | औसत लम्बाई (मि.) | औसत चौडाई (मि.) | क्षेत्रफल (वर्ग मि.) | औसत गहिराई (मि.) | मौजुदा परिमाण (घ.मि.) | ९ महिनामा उत्खनन् गर्न सकिने परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | लुंग्री खोला घाट-१ | २०० | २५ | ५००० | ०.६ | ३००० | ५२० | नदीजन्य पदार्थमा गिट्टि ४० र वालुवा ६० % रहेको |
| २ | छिर्ने खोला दोभान घाट-२ | १०० | १० | १००० | ०.६ | ६०० | १६० | |
| ३ | लुंग्री खोला घाट-३ | २०० | १० | २००० | ०.६ | १२०० | ३०० | |
| ४ | लुंग्री खोला घाट-४ | ३०० | २५ | ७५०० | ०.६ | ४५०० | ८०० | |
| ५ | लुंग्री खोला घाट-५ | ३०० | १० | ३००० | ०.६ | १८०० | ३०० | |
| ६ | देउखुरी खोला घाट-१ | ५० | १५ | ७५० | ०.६ | ४५० | १०० | |
| ७ | देउखुरी खोला घाट-२ | २५० | ३० | ७५०० | ०.८ | ६००० | ८८० | |
| ८ | देउखुरी खोला घाट-३ | १८० | १० | १८०० | ०.६ | १०८० | ३०० | |
| ९ | देउखुरी खोला घाट-४ | २८० | २५ | ७००० | ०.६ | ४२०० | ९०० | |
| १० | माडीखोला घाट-१ | ३१० | ३० | ९३०० | ०.८ | ७४४० | ९५० | |
| ११ | माडीखोला घाट-२ | ८० | २० | १६०० | ०.६ | ९६० | १५० | |
| १२ | माडीखोला घाट-३ | ८० | २० | १६०० | ०.६ | ९६० | १५० | |
| १३ | माडीखोला घाट-४ | २५० | २० | ५००० | ०.८ | ४००० | ४५० | |
| १३ | माडीखोला घाट-५ | २०० | १० | ३००० | ०.६ | १८०० | ३०० | |
| | | | | ५६०५० | | ३७९९० | ६२६० | |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| संकलन/उत्खनन् गरिने परिमाणको आंकलन | |
|---|---|
| नदीजन्य पदार्थ | जम्मा |
| दैनिक उत्खनन् गर्न मिल्ने (घ.मि.) | १००-३०० (घ.मि.) |
| वार्षिक उत्खनन् गर्न सिफारिस गरिएको (घ.मि.) | ६२६० (घ.मि.) |
| वार्षिक उत्खनन् गर्न सिफारिस गरिएको (क्युव फिट) | २२०८५२.८ (क्युव फिट) |
| जम्मा उत्खनन् दिन (वर्षमा) | २७० दिन (वर्षाको ३ महिना उत्खनन् नगर्ने) |
| राजश्व (प्रति क्युव फिट) | रु. ८ प्रति क्युव फिट . |
| जम्मा कुल राजश्व (प्रति वर्ष) भ्याट रहित | रु.१७,६६,८२२.४ |
| जम्मा कुल राजश्व (प्रति वर्ष) भ्याट सहित | रु.१९,९६,५०९.३१ |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत